Helsinki

Työllisyyspalvelut
Sysselsättningstjänster
Employment services

# 2021 मा नगरपालिका रोजगारी प्रयोग (municipal employment experiment) सुरु हुँदै छ

हेलसिन्की रोजगारी सेवा विभागको उद्देश्य भनेको बेरोजगार तथा कामको खोजीमा रहेका व्यक्तिहरूलाई अझ सहज रूपमा रोजगारी तथा तालिम अवसरहरू प्रदान गर्नु हो । त्यस्तै, यसले आफूलाई योग्य श्रमिकहरू खोज्ने थलो बनाउने पनि लक्ष्य लिएको छ ।

हेलसिन्की रोजगारी सेवा विभागको वेबसाइट मार्च 2021 मा  सञ्चालनमा ल्याइने छ ।

अहिलेलाई तपाईं नगरपालिका रोजगारी प्रयोगका बारेमा बारम्बार सोधिने प्रश्न हेर्न र तिनको जबाफ पढ्न सक्नुहुन्छ ।

## छोटो परिचय

नगरपालिका रोजगारी प्रयोगअन्तर्गत झण्डै 50,000 कर्मचारीहरूलाई TE सेवाबाट हेलसिन्की रोजगारी सेवा विभागमा सारिने छ । यो परिवर्तन 1 मार्च 2021 मा हुने छ । त्यति बेला Itäkeskus र Pasila मा रहेका लगभग 250 कर्मचारीहरूलाई TE सेवाबाट हेलसिन्की रोजगारी सेवा विभागमा सारिने छ ।

## नगरपालिका रोजगारी प्रयोग के हो ?

### नगरपालिका रोजगारी प्रयोगको अर्थ के हो ?

नगरपालिका रोजगारी प्रयोग 2.5 वर्षे राष्ट्रिय परियोजना हो । यसअन्तर्गत TE का केही वैधानिक रोजगारी सेवाहरू नगरपालिकाहरूमा सारिने छ । 125 नगरपालिका र तिनले निर्माण गरेका 26 परीक्षण क्षेत्रहरू यो प्रयोगमा सहभागी हुँदै छन् ।  हेलसिन्कीले आफ्नै एउटा परीक्षण केन्द्र निर्माण गरेको छ । महानगर क्षेत्रमा तयार गरिएका अन्य परीक्षण केन्द्रमा इस्पो र भान्ता-केरभा समावेश छन् ।

## यो प्रयोग किन गरिँदै छ ?

यो प्रयोगको उद्देश्य भनेको रोजगारी सेवा र कामको खोजीमा रहेका व्यक्तिहरूको लागि उपलब्ध सेवाहरूको प्रभावकारिता बढाउनु तथा ग्राहकहरूको समग्र अनुभव सुधार गर्नु हो । नगरपालिकाले प्रदान गर्ने

सेवामाथिको पहुँचलाई सहज पारेर र राज्य-स्तरीय तथा नगरपालिका-स्तरीय कर्मचारी, कोष तथा सुविधालाई बेरोजगारी समस्या समाधान गर्ने दिशामा एकीकृत गरेर यो उद्देश्य प्राप्त गर्ने लक्ष्य लिइएको छ ।

**यसले मलाई असर गर्छ ?**

तपाईं हेलसिन्कीमा बस्नु हुन्छ, तपाईं बेरोजगार हुनुहुन्छ र काम खोज्दै हुनुहुन्छ वा रोजगारी तालिम लिँदै हुनुहुन्छ तथा तपाईं तलका कुनै मापदण्ड पूरा गर्नुहुन्छ भने नगरपालिका प्रयोग र हेलसिन्की नगरमा हुने सेवाको स्थानान्तरणले तपाईंलाई पनि असर गर्ने धेरै सम्भावना हुन्छ:

- तपाईं 30 वर्ष मुनिको व्यक्ति हुनुहुन्छ
  वा
- तपाईंको मुख्य भाषा फिनिस हैन
  वा
- तपाईं Kela बाट आयसम्बन्धी बेरोजगार भत्ता प्राप्त नगरेर श्रम बजार सहुलियत, सामाजिक सहायता वा बिरामी भत्ता प्राप्त गर्नुहुन्छ ।

तपाईंलाई पनि यो प्रयोगमा समावेश गरिएको छ भने TE सेवा विभागले तपाईंलाई एउटा पत्र र इ-सेवाबाट सूचना पठाउने छ ।

**यो प्रयोग कहिले हुने छ ?**

नगरपालिका रोजगारी प्रयोग 1 मार्च 2021 देखि 30 जुन 2023 का बीचमा हुने छ ।

**यो परिवर्तनले मैले प्राप्त गर्ने बेरोजगारी सुविधामा असर गर्छ ?**

गर्दैन । यो परिवर्तनले तपाईंले प्राप्त गरिसक्नुभएको बेरोजगार सुविधामा कुनै असर गर्दैन ।

तपाईं हेलसिन्की बेरोजगार सेवा विभागको सेवाग्राही भइसकेपछि र प्रयोगको सुरुवातमा तपाईं रोजगारी भत्ता Kela बाट प्राप्त गर्नुहुन्छ वा बेरोजगारी कोषबाट प्राप्त गर्नुहुन्छ TE सेवाले सो कोषमा उही मात्रामा योगदान गरिरहने छ । यो प्रयोगले Kela वा बेरोजगार कोषले तपाईंको बेरोजगार भत्ता वा सुविधा दिने तरिकामा कुनै असर गर्दैन । यो परिवर्तनले तपाईंले बेरोजगार भत्ता प्राप्त गर्न Kela वा तपाईंको बेरोजगारी कोषमा दिने आवेदन र सो आवेदन स्वीकृत हुने अवधिमा पनि उल्लेख्य असर गर्दैन ।

यो परिवर्तनको सुरुका दिनमा नगरको सेवा विभागले नयाँ निर्णय गर्नु पर्दा भने केही कठिनाइहरूको सामना

गर्नु पर्ने हुन सक्छ । त्यसैले, सम्भव भएसम्म तपाईंले यो अवधिमा निर्णय गर्नु पर्ने वा अनुमोदन गर्नु पर्ने खाला सेवा लिन खोज्नु हुन्न ।

**यो परिवर्तन परिणामस्वरूप मैले के गर्नु पर्छ ?**

तपाईं काम खोजिरहेको व्यक्ति भएकाले तपाईंले यो परिवर्तनको परिणामस्वरूप केही गरिरहनु पर्दैन ।

हालको बेरोजगारी योजना र अन्य योजनाहरू कायम रहने छन् । तपाईंको क्षेत्रको बेरोजगारी सेवा विभाग अर्थात् हेलसिन्कीको सन्दर्भमा **हेलसिन्की बेरोजगार सेवा विभाग** ले नयाँ विशेषज्ञको नियुक्ति हुने बित्तिकै कामको  खोजीमा रहेको प्रत्येक व्यक्तिलाई सम्पर्क गर्ने छ । यो काम पूरा भए पनि हामी तपाईंलाई हेलसिन्की बेरोजगारी सेवा विभाग र तपाईंको सहभागिता (clientship) को बारेमा थप जानकारी पठाउने छौँ ।

**मेरो लागि विशेष विशेषज्ञ तोकिने छ ? मेरो लागि छुट्याइएको विशेषज्ञ परिवर्तन हुने छ ?**

भविष्यमा कामको खोजीमा रहेका लगभग सबै जनाको हकमा सहयोग गर्ने विशेषज्ञ तोकिने छ ।

तर सेवा नगरमा सरेपछि तपाईंको हकमा नयाँ विशेषज्ञ नियुक्त गरिने सम्भावना छ । यो स्थानान्तरण प्रक्रिया सकिने बित्तिकै तपाईंको सन्दर्भमा नयाँ विशेषज्ञ नियुक्त गरिने छ । सो विशेषज्ञ नियुक्त गरेपछि तपाईंलाई पत्रबाट र इसेवाबाट सो कुराको जानकारी दिइने छ ।  तपाईंको विशेषज्ञ परिवर्तन भएन भने पनि तपाईंलाई जानकारी  दिइने छ ।

हेलसिन्की बेरोजगारी सेवा विभागले तपाईंलाई तपाईंको लागि तोकिएको विशेषज्ञको बारेमा जानकारी दिने छ ।

**यसले मैले प्राप्त गर्ने सेवालाई सीमित बनाउँछ ?**

नगरपालिका प्रयोग सुरु भएपछि तपाईं आफ्नो गृह नगरपालिकाको रोजगारी सेवा मात्र प्रयोग गर्न पाउनु हुने छ ।

उदाहरणको लागि: हेलसिन्की घर भएको कुनै व्यक्ति भान्टा TE सेवा विभागको क्षेत्राधिकारभित्र बस्थ्यो भने सो व्यक्तिले हेलसिन्की सेवा विभागको सेवा नभई भान्टा सेवा विभागको सेवा लिनु पर्थ्यो । तर यो प्रयोगका अनुसार भान्टा TE सेवा विभागले सो व्यक्तिलाई सेवा दिन सक्दैन ।

यो प्रयोगका सेवाग्राहीहरू आफ्नो गृह नगरपालिकाको रोजगारी सेवा मात्र प्रयोग गर्न पाउँछन् ।

## मैले प्राप्त गर्ने सेवामा कुनै परिवर्तन आउने छ ?

यो प्रयोगमा सहभागी हुँदा पनि तपाईं पहिला TE सेवा विभागबाट जुन सेवा प्राप्त गर्नु हुन्थ्यो सोही सेवा प्राप्त गर्नु हुने छ । सेवाग्राहीको संख्या बढ्ने भएकाले हेलसिन्की नगरको सेवामा केही साना परिवर्तन भने आउन सक्छन् ।

यो प्रयोगदौरान हामी रोजगारी प्रवर्धन गर्न नयाँ सेवा र उपायहरूको विकास गर्ने छौँ । हामी यो लक्ष्य प्राप्त गर्न सामाजिक, स्वास्थ्य सेवा र शिक्षा सेवा जस्ता विविध निकायहरूसँग पनि सहकार्य गर्ने छौँ । यसको अर्थ हो यो प्रयोग दौरान तपाईंले प्राप्त गर्ने सेवाहरूको संख्या बढ्न सक्छ ।

## म TYP को सेवाग्राही हुँ । मैले प्राप्त गर्ने सेवा परिवर्तन हुन्छ ?

हुँदैन, तपाईं उही TYP सेवा (रोजगारी प्रवर्धन गर्ने बहुक्षेत्रीय संयुक्त सेवा) प्राप्त गरिरहनु हुने छ । तर यो प्रयोग दौरान यो सेवा फरक तरिकाले दिइने छ । तपाईंको लागि तोकिएको साबिकको कार्यालय वा विशेषज्ञ परिवर्तित हुन सक्ने छ ।

रोजगारी प्रवर्धन गर्ने बहुक्षेत्रीय संयुक्त सेवासम्बन्धी ऐन परिवर्तन हुने छैन र यो प्रयोगदौरान हामी यो सेवालाई *रोजगारी प्रवर्धन गर्ने पुनर्स्थापना सेवा* भन्ने छौँ ।

## यो सेवा कुन कुन भाषामा उपलब्ध हुने छ ?

सेवा सधैँ फिनिस र स्विडिस भाषामा उपलब्ध हुने छ । त्यस्तै, यो सेवा धेरै जसो अवस्थामा कुनै विशेष व्यवस्था नगरिकन वा अपोइन्टमेन्ट नलिइकन अंग्रेजी भाषामा पनि उपलब्ध हुन सक्ने छ ।

TE सेवामा जस्तै यो प्रयोग दौरान पनि आवश्यक परेका खण्डमा दोभाषेहरू उपलब्ध गराइने छ ।

## म कहाँ सेवा प्राप्त गर्न सक्छु ?

**म हेलसिन्की रोजगारी सेवा विभागको सेवाग्राही भएँ भने म कहाँ सेवा प्राप्त गर्न सक्छु ? साबिकको विभागबाट हेलसिन्की रोजगारी सेवा विभागमा स्थानान्तरण हुने क्रममा भने कहाँबाट सेवा प्राप्त गर्न सकिन्छ ?**

तपाईं पहिला जसरी नै TE सेवाको इसेवा **अनलाइन**, प्रयोग गरिरहन सक्नुहुन्छ ।

त्यस्तै, तपाईं TE सेवाको ग्राहक सेवा विभागको टेलिफोन **0295 025 500** (सोमबार–शुक्रबार 9–16:15) **टेलिफोन गरेर** रोजगारी सेवा प्राप्त गरिरहन सक्नुहुन्छ ।

यो नम्बरमा टेलिफोन गरेर तपाईं सेवा प्राप्त गर्ने, अनलाइन इसेवा प्रयोग गर्ने कुरामा र अन्य रोजगारीसम्बन्धी कुरामा सहायता प्राप्त गर्न सक्नुहुन्छ । आवश्यक हुँदा तपाईंलाई अन्य सेवामा रिफर पनि गर्न सकिने छ ।

2021 को सुरुवातमा नगरपालिका रोजगारी प्रयोग सुरु भएपछि तपाईं  निम्न स्थानबाट **प्रत्यक्ष सेवा** प्राप्त गर्न सक्नुहुने छ:

- Asiakkaankatu 3 in Itäkeskus
- Ratapihantie 7 in Pasila
- 30 वर्ष मुनिका व्यक्तिहरूको लागि Fredrikinkatu 48 in Kamppi मा ओजामो ।

अपोइन्टमेन्ट छ भने Viipurinkatu 2 र Runeberginkatu 5 बाट पनि सेवा लिन सकिन्छ ।

सम्भव भएसम्म यो महामारी दौरान प्रत्यक्ष ग्राहक सेवा उपलब्ध गराइने छ ।

**हेल्सिङ्की-इन्फो** ले हेलसिन्कीको सेवा विभाग, खुल्ने समय जस्ता आधारभूत कुराको बारेमा परामर्श प्रदान गर्छ ।

हेल्सिङ्की-इन्फोको टेलिफोन नम्बर: **09 310 11 111** (सोमबार–बिहिबार 9–16, Fri 10–15)
हेल्सिङ्की-इन्फको  च्याट (सोमबार–बिहिबार 9–16, शुक्रबार 10–15)

**म थप जानकारी कहाँ भेट्न सक्छु ?**
तपाईं निम्न वेबसाइटमा गई फिनिस भाषामा थप जानकारी प्राप्त गर्न सक्नुहुन्छ:

On the hel.fi website
आर्थिक गतिविधि तथा रोजगारी मन्त्रालयको वेबसाइट
हेलसिन्की रोजगारी सेवा विभागको ट्विटर एकाउन्ट

कृपया अद्यावधिक जानकारी प्राप्त गर्न वेबसाइट, पत्रपत्रिका तथा टेलिभिजन समाचार हेरिरहनुहोला ।

Helsinki

Työllisyyspalvelut
Sysselsättningstjänster
Employment services

तपाईं हेलसिन्की रोजगारी सेवा विभागको इमेल tyollisyyspalvelut@hel.fi मा प्रतिक्रिया पठाउन वा सोधपुछ गर्न पनि सक्नुहुन्छ ।

**कृपया ध्यान दिनुहोस्!** हामी इमेलबाट परिचय चाहिने व्यक्तिगत ग्राहक सेवा प्रदान गर्न सक्ने छैनौं । कृपया इमेलबाट तपाईंको स्वास्थ्य वा परिस्थितिसम्बन्धी संवेदनशील जानकारी र व्यक्तिगत जानकारी नपठाउनुहोस् । हामी इमेलबाट साधारण सोधपुछको जबाफ दिन र तपाईंले पठाउनुभएको प्रतिक्रिया सम्बन्धित निकायमा पठाउन मात्र सक्छौं ।

## म बेरोजगार भएँ भने कहाँ दर्ता गर्ने ?

तपाईं TE सेवा प्रयोग गरेर दर्ता गरिरहन सक्नुहुन्छ । तपाईं TE सेवा विभागको इसेवा प्रयोग गरेर वा सो विभागको कार्यालयमा गई आफ्नो नाम दर्ता गर्न सक्नुहुन्छ । TE सेवा विभागले नगरपालिका रोजगारी प्रयोगका सबै सेवाग्राहीहरूलाई उनीहरूको गृह नगरपालिकाले तोकेको रोजगारी सेवा विभागमा सार्ने छौँ ।